नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग

फोन नं ०९१–५६१४१५
०९१–५६१४१४
email-rjkis2ndagriculture@gmail.com

रानी जमरा कुलरिया सिंचाई आयोजना
कृषि कार्यक्रम कार्यान्वयन एकाई
टीकापुर, कैलाली

**बीउ उत्पादक सहकारी/कम्पनीको लागि बीउ भण्डारण र प्रशोधनका लागि बीउ उपचार मेशिन सेट, भण्डारण घर लगायत सहयोग कार्यक्रमका लागि आबेदन प्रस्ताव पेशगर्ने बारेको सूचना !**

सूचनानं.०५/२०८०/८१
(सूचना प्रकाशित मितिः २०८०/०८/२७)

रानी जमरा कुलरिया सिंचाई आयोजना, कृषि कार्यक्रम कार्यान्वयन एकाई, टीकापुर, कैलालीको आ.व.२०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **"खाद्यान्न बालीको बीउ उत्पादन, संकलन र प्रशोधन कार्यमा संलग्न संस्थाका लागि बीउ उपचार मेशिन सेट, भण्डारण घर लगायत सहयोग"** कार्यक्रम संचालन गर्न इच्छुक बीउ उत्पादन, संकलन, प्रशोधन र बजारीकरण कार्यमा संलग्न सहकारी संस्था/कम्पनीहरुले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र (मिति २०८०/०९/१७ गतेसम्म) यस आयोजनाको कार्यालय, टीकापुर, कैलालीमा तोकिएको ढाँचामा आवेदन दर्ता गराउनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

- कार्यक्रम सञ्चालन हुने क्षेत्रः- रानी जमरा कुलरिया सिंचाई आयोजनाको कार्य क्षेत्रभित्र ।
- सहयोग अनुदानः- बीउ उपचार मेशिन सेट र भण्डारण घर लगायत सहयोग (७५% अनुदान)

<u>आवेदकको योग्यता :-</u>

- बीउ भण्डारण सुविधा स्थापनाको लागि बीउ बिजन ब्यवसायी अनुमति प्राप्त गरी बीउ बिजन उत्पादनतथा बजारीकरण आदि कार्यमा संलग्न रहेको कृषि तथा बहुउदेश्यीय सहकारी संस्था हुनुपर्नेछ।
- आवेदक संस्थाको नाममा जग्गाको स्वामित्व अनिवार्यरुपमा हुनुपर्नेछ।
- पूर्वाधार निर्माणका लागि आवश्यक न्यूनतम क्षेत्रफलम १ कट्ठा हुनुपर्नेछ।

<u>पेशगर्नुपर्नेकागजातहरु</u>

१. रु. १० को हुलाक टिकट टाँसेको निर्दिष्ट फर्मेट अनुसारको कार्ययोजना सहितको प्रस्ताव।
२. सहकारी/कम्पनी/संस्थादर्ता, नविकरण, स्थायी लेखा नम्बरको प्रतिलिपी, गत आ.ब.को अडिट रिपोर्ट र कार्यकारी समितिको निर्णयको प्रतिलिपि।
३. संस्थाको आधिकारिक ब्यक्तिको नेपाली नागरिकताको प्रतिलिपी ।
४. निर्माण गरिने संरचनाको लागत स्टिमेट (Tentative Cost Estimates)
५. सम्बन्धित कुलो समितिको सिफारिस पत्र ।
६. आवेदकले ब्यहोर्ने रकम लगानीको श्रोत र प्रतिबद्धतापत्र।
७. आबेदक संस्थाको नाममा रहेको लालपूर्जाको प्रतिलिपि ।

थप जानकारी तथा कार्ययोजना सहितको प्रस्तावको ढाँचा आयोजनाको Website : http://aciu.rjkip.gov.np र <u>Facebook Page :Rani Jamara Kulariya</u> बाट हेर्न र डाउनलोड गर्न सकिनेछ ।

<u>थप जानकारी चाहिएमा</u>
रानी जमरा कुलरिया सिंचाई आयोजना
कृषि कार्यक्रम कार्यान्वयन एकाई
टीकापुर, कैलाली
फोन नं.:०९१–५६१४१५ ०९१–५६१४१४

०८०।८।२६

**कलशराम चौधरी**
**आयोजना कोअर्डिनेटर**